# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले साउन २१ गते थापाथलीस्थित वैकर्स प्रशिक्षण केन्द्रको तालिम हलमा आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रयमासको ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो । वित्तीय जानकारी इकाईको प्रमुख तथा निर्देशक श्री वासुदेव भट्टराईको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा इकाईका सम्पूर्ण कर्मचारीहरु सहभागी रहेको थियो । कार्यक्रममा इकाईका प्रमुख तथा निर्देशक श्री वासुदेव भट्टराईले इकाईमा कर्मचारीहरुको सहभागितामा हुने ज्ञान आदानप्रदान कार्यक्रमको महत्वको वारेमा प्रकास पार्नु भयो । उहाँले यस्तो कार्यक्रमले कर्मचारीहरुको मनोवल उच्च हुने, कर्मचारीहरु विच Knowledge Transfer भई इकाईको दैनिक कार्यसम्पादनमा आउने Gap कम भई प्रभावकारी एवं गुणस्तरीय नतिजा प्राप्त हुने बताउनुभयो ।



उक्त कार्यक्रममा इकाईका उप-निर्देशक श्री सचिन राज पियाले "Egmont Group Plenary Meeting July, 2026" सम्बन्धमा तथा सहायक निर्देशक श्री किशोर महरा र प्रधान सहायक श्री विवेश पोखरेलले "goAML Software & New workflow" सम्बन्धमा वार्ता प्रस्तुत गर्नु भएको थियो । उप-निर्देशक सचिन राज पियाले Egmont Group अन्तर्गतका कार्य समुहहरुले गरिरहेको विभिन्न कार्ययोजनाहरुको बारेमा जानकारी दिनुका साथै ती कार्ययोजनाहरु सम्पन्न भए पश्चात् कार्यान्वयनमा आउने दस्तावेजहरु, जस्तै रणनीतिक विश्लेषण सम्बन्धी दस्तावेज, FIU–Nepal लाई समेत उपयोगी हुने जानकारी दिनुभयो । त्यसैगरी, सहायक निर्देशक श्री किशोर महरा र प्रधान सहायक श्री विवेश पोखरेलले goAML System लाई कसरी प्रभावकारी रुपमा प्रयोग गर्ने, सूचक संस्थाहरुबाट प्राप्त रिपोर्टहरुलाई विश्लेषण गरी प्रभावकारी र गुणस्तरीय रिपोर्ट तयार पार्ने सम्बन्धमा जानकारी दिनु भयो । अन्त्यमा, वार्ता प्रस्तुतकर्ताहरुद्वारा कार्यक्रममा उठेका सहभागीहरुको जिज्ञासा तथा प्रश्नहरुको समेत सम्बोधन समेत गरिएको थियो ।